" मीठे बच्चे– संगदोषबाट बचेर पढाइमा पूरा-पूरा ध्यान दियौ भने कुनै पनि तुफान आउन सक्दैन , बाँकी मायालाई दोषी नबनाऊ।"

प्रश्नः– कुनचाहिँ एउटा कुरा सदा ध्यानमा राख्यौ भने बेडा पार हुन्छ?

उत्तरः– "बाबा हजुरको जो हुकुम" यसरी सदा बाबाको हुकुममा चलिरह्यौ भने तिम्रो बेडा पार हुन्छ। हुकुममा चल्नेहरू मायाको आक्रमणबाट सुरक्षित हुन्छन्, बुद्धिको ताला खुल्छ। अपार खुसी हुन्छ। कुनै पनि उल्टो कर्म हुँदैन।

गीतः– तुम्हें पाके हमने.....

ओम् शान्ति। मीठा-प्यारा सबै सेन्टरका बच्चाहरूले गीत सुने। सबैले जानेका छन्– बेहदको बाबाबाट फेरि ५ हजार वर्ष पहिला जस्तै हामीले विश्वको बादशाही लिइरहेका छौं। कल्प-कल्प हामीले लिँदै आएका हौं। बादशाही लिन्छौं फेरि गुमाउँछौं। बच्चाहरूले जानेका छन्– अहिले हामीले बेहदको बाबाको गोद लिएका छौं वा उहाँका बच्चा बनेका छौं। वास्तवमा हो पनि। घरमा बसी-बसी पुरुषार्थ गर्छौं। बेहदको बाबाबाट उच्च पद पाउनको लागि पढाइ चलिरहेको छ। तिमीलाई थाहा छ– ज्ञान सागर, पतित-पावन, सर्वका सद्गति दाता शिवबाबा नै हाम्रो बाबा पनि हुनुहुन्छ, शिक्षक पनि हुनुहुन्छ र सद्गुरु पनि हुनुहुन्छ। उहाँबाट हामीले वर्सा लिन्छौं त्यसैले कति पुरुषार्थ गर्नुपर्छ– उच्च पद पाउनको लागि। अज्ञान कालमा पनि स्कुलमा पढ्दा नम्बरवार मार्क्सले पास हुन्छन्, आफ्नो पढाइ अनुसार। त्यहाँ यस्तो त कसैले जानेका छैनन्– मायाले हामीलाई विघ्न पार्छ वा तुफान आउँछ। ठीक तरिकाले पढ्दैनन् वा खराब सँगतमा गएर फँस्छन्, खेलकुदमा लाग्छन् भने पढ्दैनन्। फेल हुन्छन्। बाँकी यसलाई मायाको तुफान भनिदैन। चालचलन ठीक रहेन भने शिक्षकले पनि सर्टिफिकेट दिन्छन्– यसको चालचलन खराब छ। कुसंगतले खराब भएको छ, यसमा माया रावणलाई दोषी बनाउने कुरा छैन। ठूला-ठूला असल मानिसका बच्चाहरू कुनै त राम्रोसँग चढेर जान्छन्, कसैले त रक्सी पिउन थाल्छन्। खराब बाटोतिर जान्छन् त्यसैले बाबा पनि भन्नुहुन्छ– कपूत भएका छन्। त्यस पढाइमा त धेरै विषय हुन्छन्। यो त एकै प्रकारको पढाइ हो। त्यहाँ मनुष्यले पढाउँछन्। यहाँ बच्चाहरूले जानेका छन् हामीलाई भगवानले पढाउनु हुन्छ। हामीले राम्रोसँग पढ्यौं भने, विश्वको मालिक बन्न सक्छौं। बच्चाहरू त धेरै छन् फेरि कसैले पढ्न सक्दैनन्, संगदोषमा आएर। यसलाई मायाको तुफान कसरी भन्ने? संगदोषमा कसैले पढ्दैन भने यसमा माया वा शिक्षक वा बाबाले के गर्ने! पढ्न सकेन भने आफ्नो घर जान्छ। यो त ड्रामा अनुसार पहिला भट्ठीमा पर्नु नै थियो। आएर शरण लिएका हौ। कसैलाई पतिले कुटे, हैरान पारेकाले कसैलाई वैराग्य आयो। घरमा जान सकेनन् तर कोही यहाँ आएर पनि गए, पढ्न नसके पछि गएर नोकरी आदिमा लागे वा बिवाह गरे। यो त एउटा बहाना हो– मायाको तुफानको कारणले पढ्न सकिनँ। यो बुझ्न सक्दैनन्– संगदोषको कारणले यो हालत भयो वा हामीमा विकार जबरदस्त छ। यो किन भन्छौ– मायाको तुफान लाग्यो अनि गिरेँ। यो त आफैमाथि भर पर्छ।

बाबा, शिक्षक, सद्गुरुको जुन शिक्षा मिल्छ, त्यसमा चल्नुपर्छ। चलेनौ भने त कुनै खराबसँगत छ वा कामको नशा वा देह-अभिमानको नशा छ। सबै सेन्टरका बच्चाहरूले जानेका छन् हामीले बेहदका बाबाबाट विश्वको बादशाही लिनको लागि पढिरहेका छौँ। निश्चय छैन भने बस्ने नै किन, अरू पनि धेरै आश्रम छन्। तर त्यहाँ त केही प्राप्ति छैन। लक्ष्य-उद्देश्य छैन। ती सबै साना-ठूला मठ पन्थ, शाखाहरू हुन्। वृक्ष वृद्धि भइ नै रहनु छ। यहाँ त यो सारा सम्बन्ध छ। प्यारो दैवी वृक्षको जो हुन्छ ऊ निस्किएर आउँछ। सबैभन्दा प्यारो को हुन्छ? जो सत्ययुगको महाराजा-महारानी बन्छ। अहिले तिमीले सम्झन्छौ– जो पहिला नम्बरमा आउँछन्, उनीहरूले अवश्य राम्रो पढाइ पढेको हुनुपर्छ। उनीहरू नै सूर्यवंशी घरानामा जान्छन्। यस्ता पनि छन् गृहस्थ व्यवहारमा रहेर पनि अर्पणमय जीवन छ। धेरै सेवा गरिरहेका छन्। फरक छ नि। रहन त यहाँ पनि रहन्छन् तर पढाउन सक्दैनन् भने अरू सेवामा लाग्छन्। अन्त्यमा थोरै राजाई पद पाउँछन्। देखिन्छ बाहिर गृहस्थ व्यवहारमा रहनेहरू धेरै तीव्र हुन्छन्, पढ्न र पढाउनमा। सबै त गृहस्थी हुँदैनन्। कन्या वा कुमारलाई गृहस्थी भनिदैन र जो वानप्रस्थी छन् उनीहरू ६० वर्षपछि फेरि सबै कुरा बच्चाहरूलाई दिएर स्वयं कुनै साधु आदिको सँगतमा गएर रहन्छन्। आजकल त तमोप्रधान छन् त्यसैले मरुन्जेलसम्म पनि धन्धा आदिलाई छोड्दैनन्। पहिला ६० वर्षमा वानप्रस्थ अवस्थामा

जान्थे। वनारसमा गएर रहन्थे। यो त बच्चाहरूले बुझेका छन्– फर्केर कोही जान सक्दैन। सद्गति पाऊन सक्दैन।

बाबा नै मुक्ति-जीवनमुक्ति दाता हुनुहुन्छ। त्यो पनि सबैले जीवनमुक्ति पाउँदैनन्। कोही त मुक्तिमा जान्छन्। अब आदि सनातन देवी-देवता धर्मको स्थापना भइरहेको छ, फेरि जसले जति पुरुषार्थ गर्छ। त्यसमा पनि कुमारीहरूलाई राम्रो मौका छ। पारलौकिक बाबाका वारिस बन्छन्। यहाँ त सबै बच्चाहरू बाबाबाट वर्सा लिने हकदार छन्। त्यहाँ त बच्चीहरूलाई वर्सा मिल्दैन। बच्चाहरूलाई लालचा हुन्छ। छन त यस्ता पनि छन् जसले सम्झन्छन् यो पनि वर्सा मिल्छ, त्यो पनि लिऔं, त्यो किन छोड्ने। दुवैतर्फ पढ्छन्। यस्ता किसिम-किसिमका छन्। अब यो त सम्झन्छन् जसले राम्ररी पढ्छन् उनीहरूले उच्च पद पाउँछन्। प्रजामा धेरै धनवान बन्छन्। यहाँ रहनेहरू भित्रै रहनु पर्छ। दास दासी बन्छन्। फेरि त्रेताको अन्त्यमा बढीमा ४-५ जन्म राजाई मिल्छ, त्यो भन्दा त धनवान राम्रो जुन सत्ययुगदेखि लिएर उनीहरूको सम्पन्नता कायम रहन्छ। गृहस्थ व्यवहारमा रहेर राम्रो पद किन नलिने। कोशिस गर्छन् हामीले राजाई पद पाऊँ। तर यदि सकेनन्, चिप्लिए भने प्रजामा राम्रो पद पाउन पुरुषार्थ गर्नुपर्छ। त्यो पनि त उच्च पद भयो नि। यहाँ रहनेहरू भन्दा बाहिर रहनेहरूले धेरै उच्च पद पाउन सक्छन्। सारा कुरा पुरुषार्थमा आधारित छ। पुरुषार्थ कहिल्यै छिप्न सक्दैन। प्रजामा जो ठूला भन्दा ठूला धनवान बन्छन्, उनीहरू पनि छिपिरहन सक्दैनन्। यस्तो होइन– बाहिरकाहरूलाई कुनै कम पद मिल्छ। अन्त्यमा राजाई पद पाउनु राम्रो वा प्रजामा सुरुदेखि लिएर उच्च पद पाउनु राम्रो? गृहस्थ व्यवहारमा रहनेहरूलाई यति धेरै मायाको तुफान आउँदैन। यहाँ हुनेहरूलाई तुफान धेरै आउँछन्। हिम्मत गर्छन्– म शिवबाबाको शरणमा बसेको छु, तर संगदोषमा आएर पढ्दैनन्। अन्त्यमा सबै थाहा हुन्छ। साक्षात्कार हुन्छ, कसले कुन पद पाउने छ। नम्बरवार पढ्छन् नि। कसैले त सेन्टरलाई आफै चलाउछन्। कहीं त सेन्टर चलाउने भन्दा पनि पढ्नेहरू तीक्ष्ण हुन्छन्। सारा महत्त्व पुरुषार्थमा छ। यस्तो होइन– मायाको तुफान आउँछ। होइन। आफ्नो चालचलन ठीक छैन। श्रीमतमा चल्दैनन्। लौकिकमा पनि यस्तो हुन्छ। शिक्षक वा माता-पिताको मतमा चल्दैनन्। तिमीहरू त यस्तो बाबाका बच्चा बनेका छौ जसको बाबा नै हुनुहुन्न। त्यहाँ त बाहिर धेरै जानुपर्छ। कति बच्चाहरू संगदोषमा फँसे भने फेल हुन्छन्। यस्तो किन भन्छन्– मायाको तुफान आउँछ। यो आफ्नो मूर्खता हो। डाइरेक्सन अनुसार चल्दैनन्। यस्तो चालचलनबाट फेल हुन्छन्। धेरैलाई लालचा रहन्छ, कसैमा क्रोध, कसैमा चोरीको बानी हुन्छ, अन्त्यमा थाहा त हुन्छ। फलानो-फलानो यस्तो-यस्तो चालचलनको कारण गएका हुन्। बुझिन्छ– शूद्र कुलका बने। उनीहरूलाई फेरि ब्राह्मण भनिदैन। फेरि गएर शूद्र बने। पढाइ छोडिदिए। थोरै पनि ज्ञान सुने भने प्रजामा आउँछन्। वृक्ष ठूलो छ। कहाँ-कहाँबाट निस्किएर आउँछन्। देवी-देवता धर्मका अरू धर्ममा कन्वर्ट भएर गएका छन् उनीहरू निस्किएर आउँछन्। धेरै आए भने सबैलाई आश्चर्य लाग्छ। अरू धर्मकाले पनि मुक्तिको वर्सा त लिन सक्छन् नि। यहाँ जति पनि आउन सक्छन्। आफ्नो घरानामा उच्च पद पाउनु छ भने उनीहरू पनि आएर लक्ष्य लिएर जान्छन्। बाबाले तिमीहरूलाई साक्षात्कार गराउनु भएको थियो– उनीहरू पनि आएर लक्ष्य लिएर जान्छन्। यस्तो होइन– यहाँ रहेर मात्र लक्ष्यमा रहन्छन्। जुनसुकै धर्मकाले पनि लक्ष्य लिन सक्छन्। लक्ष्य मिल्छ– बाबालाई याद गर। शान्तिधामलाई याद गर्यौ भने आफ्नो धर्ममा उच्च पद पाउने छौ। उनीहरूलाई जीवनमुक्ति त मिल्दैन, न त्यहाँ आउँछन्। दिल लाग्दैन। सच्चा दिल उनीहरूको लाग्छ जो यहाँका छन्। अन्त्यमा आत्माहरूले आफ्नो बाबालाई त जानून्। धेरै सेन्टरमा यस्ता पनि छन् जसको पढाइमा ध्यान हुँदैन। त्यसैले बुझिन्छ– उच्च पद पाउन सक्दैनन्। निश्चय हुने हो भने त यो भन्ने थिएनन्– फुर्सद छैन। तर तकदिरमा छैन भने भन्छन्– फुर्सद छैन, यो काम छ। तकदिरमा छ भने दिन-रात पुरुषार्थ गर्ने थाल्छन्। चल्दा-चल्दै यो संगतमा पनि बिग्रिन्छन्। त्यसलाई ग्रहचारी पनि भन्न सकिन्छ। वृहस्पतिको दशा परिवर्तन भएर मंगलको दशा हुन्छ। सायद पछि गएर उत्रन्छ। कसैको लागि बाबा भन्नुहुन्छ– राहुको दशा बसेको छ। भगवानको कुरा पनि मान्दैनन्। सम्झन्छन् यो ब्रह्माले भन्नुभएको हो। बच्चाहरूलाई यो थाहा छैन– कसले डाइरेक्सन दिनुहुन्छ। देह-अभिमान भएको कारणले साकारको लागि भन्ने सम्झन्छन्। देही-अभिमानी हुने हो भने सम्झने थिए– शिवबाबाले जे पनि भन्नुहुन्छ, त्यो हामीले गर्नुपर्छ। जिम्मेवारी शिवबाबामा छ। शिवबाबाको मतमा त चल्नुपर्छ नि। देह-अभिमानमा आउनाले शिवबाबालाई भुल्दै जान्छन् फेरि शिवबाबा जिम्मेवार रहन सक्नुहुन्न। उहाँको आदेशलाई त शिरमा धारणा गर्नुपर्छ। तर बुझ्दैनन्– कसले सम्झाउँछ। त्यो पनि अरू त कसैले आदेश गर्दैन, केवल बाबा भन्नुहुन्छ– म तिमीहरूलाई श्रीमत दिन्छु। एक त मलाई याद गर र जुन ज्ञान म सुनाउँछु त्यसलाई धारणा गर र गराऊ। बस यही धन्धा गर। अच्छा बाबा जो हुकुम। राजाहरूका अगाडि जो रहन्छन् उनीहरूले भन्छन्– "जो हुकुम"। ती राजाहरूले हुकुम गर्थे। यो शिवबाबाको हुकुम हो। घरी-घरी भन्नुपर्छ– "जो हुकुम शिवबाबा"। तब तिमीहरूलाई

खुसी पनि हुन्छ। सम्झन्छन् शिवबाबाले हुकुम दिनुहुन्छ। शिवबाबाको याद गरियो भने बुद्धिको ताला खुल्छ। शिवबाबा भन्नुहुन्छ– यो प्राक्टिस हुनुपर्छ तब बेडा पार हुन्छ। तर यही कठिन छ। घरी-घरी भुल्छन्। यस्तो किन भनिन्छ– मायाले भुलाउँछ। हामी भुल्छौं, त्यसैले उल्टो काम भइरहन्छ।

धेरै बच्चीहरू छन्, ज्ञान त धेरै राम्रो दिन्छन् तर योग हुँदैन, जसबाट विकर्म विनाश होस्। यस्ता राम्रा-राम्रा बच्चाहरू छन्, योग बिलकुलै छैन। चालचलनबाट बुझिन्छ– योगमा रहँदैनन् फेरि पाप हुन्छ जसलाई भोग्नुपर्ने छ। यसमा तुफानको त कुरा नै छैन। सम्झ, यो मेरो भूल हो, म श्रीमत अनुसार चल्दिनँ। यहाँ तिमी आएका छौ राजयोग सिक्न। प्रजा योग सिकाइँदैन। माता-पिता त हुनुहुन्छ नै। उहाँलाई फलो गर्यौ भने तिमी पनि गद्दीनशीन बन्छौ। यिनको निश्चित छ नि। यिनीहरू श्री लक्ष्मी-नारायण बन्छन् त्यसैले फलो मदर फादर। अरू धर्मावलम्बीहरूले मदर फादरलाई फलो गर्दैनन्। उनीहरूले त फादरलाई नै मान्छन्। यहाँ त दुवै हुनुहुन्छ। परमात्मा त रचयिता हुनुहुन्छ। मदरको फेरि गुप्त रहस्य छ। माता-पिताले पढाइरहन्छन्। सम्झाउँछन्– यसो नगर, यो गर। शिक्षकले कुनै पनि सजाय दिए भने स्कुलका सबैका बीचमा दिन्छन् नि। बच्चाले कहाँ यस्तो भन्छन् र मेरो इज्जत लिनुहुन्छ। बुबाले ५-६ बच्चाहरूको अगाडि थप्पड लगाउँछन्। अब यसरी बच्चाले कहाँ भन्छ र– ५-६ जनाका अगाडि थप्पड किन लगाएको। यहाँ त बच्चाहरूलाई शिक्षा दिइन्छ फेरि पनि चल्न सक्दैनन् भने गृहस्थ व्यवहारमा रहँदै फेरि पुरुषार्थ गर्छन्। यदि यहाँ बसेर डिससर्भिस गरे भने जे जति पनि थोरै छ त्यो पनि खतम हुन्छ। पढ्नु छैन भने छोडिदिऊ। बस, म चल्न सक्दिनँ। ग्लानि किन गर्नुपर्यो। धेरै बच्चाहरू छन्। कसैले पढ्छन् कसैले छोडिदिन्छन्। हर एक आफ्नो पढाइमा मस्त रहनु पर्छ।

बाबा भन्नुहुन्छ– एक अर्काबाट सेवा नलेऊ। कुनै अहंकार आउनु हुँदैन। अरूबाट सेवा लिनु यो पनि देह-अहंकार हो। बाबाले सम्झाउनु त पर्यो नि। नत्र जब ट्रिब्युनल बस्छ अनि भन्छन्– हामीलाई कहाँ थाहा थियो र– नियम कानुनको, त्यसैले बाबाले सम्झाउनु हुन्छ फेरि साक्षात्कार गराएर सजाय दिनुहुन्छ। प्रमाण विना सजाय कहाँ मिल्न सक्छ र! अच्छा, सम्झाउन त धेरै सम्झाउनु हुन्छ कल्प पहिला जस्तै। हरे एकको तकदिर हेरिन्छ। कसैले सेवा गरेर आफ्नो जीवन हीरा समान बनाउँछन्, कोही छन् जसले तकदिरमा रेखा लगादिन्छन्। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) बाबा, शिक्षक, सद्गुरुद्वारा जो शिक्षा मिल्छ त्यसमा चल्नु छ। मायालाई दोष नदिई आफ्नो कमीको जाँच गरेर त्यसलाई निकाल्नु छ।

२) अहंकारको त्याग गरेर आफ्नो पढाइमा मस्त रहनु छ। कहिल्यै अरूबाट सेवा लिनु छैन। संगदोषबाट धेरै-धेरै सम्हाल गर्नु छ।

वरदानः– **निश्चयको आधारमा सदा एकरस अचल स्थितिमा स्थित रहने निश्चिन्त भव**

निश्चयबुद्धिको निशानी हो नै सदा निश्चिन्त। ऊ कुनै पनि कुरामा डगमग हुन सक्दैन, सदा अचल रहन्छ। त्यसैले जेसुकै भए पनि नसोच। के, किनमा कहिल्यै नजाऊ, त्रिकालदर्शी बनेर निश्चिन्त होऊ किनकि हरेक कदममा कल्याण छ। कल्याणकारी बाबाको हात समातेका छौ त्यसैले उहाँले अकल्याणलाई पनि कल्याणमा परिवर्तन गरिदिनुहुन्छ त्यसैले निश्चिन्त रहने गर।

स्लोगनः– जो सदा स्नेही छन्, उनीहरू हरेक कार्यमा स्वत: सहयोगी बन्छन्।